# खानेपानी योजनाले पानी मात्र दिएन, ऋणबाट छुटकारा पनि दिलायो

**सप्तरी** :सम्पतिको नाममा ५ कठ्ठा खेत थिया सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. २ भेडियाका वेद प्रकाश ढुंगानासँग । दैनिक ज्यालदारीको कामले मात्र जीवन गुजार्न मुश्किल परेपछि भएको जग्गा पनि दृष्टिबन्धक गरेर उहाँ साउदी अरेविया हुँईकिनुभयो । अरेबियाको पेट्रोल पम्पमा काम गर्न पुगेका ढुंगानाले त्यहाँ मासिक २५ हजार नेपाली रुपैयाँ पाउनुहुन्थ्यो । पेट्रोल पम्पबाट मिल्ने कमाईले मात्र आफ्नो गुजारा चलाउन, साहुको ऋण तिर्न र परिवार खर्च धान्न मुश्किल भएपछि ढुंगाना स्वदेश फर्किने कि त्यही काम गरेर बस्ने भन्ने अन्यौलमा हुनुहुन्थ्यो ।

सुखी जीवनको खोजीमा सात समुद्र पारी पुगेका श्रीमानको राम्रो कमाई नभए पछि कल्पनालाई पीर पर्न थालेको थियो । घर आँगनको कामकाज बाहेक कल्पनालाई अन्य कामको मेसो थिएन । पछि श्रीमान बिदेशबाट फर्के पछि त झन् घर व्यवहार धान्न र छोरालाई पढाउन समेत निक्कै गाह्रो भईसकेको थियो । ‘श्रीमान विदेश हुँदा सम्म थोरै भएपनि पैसाको मुख देख्न पाईन्थ्यो, उहाँ नै फर्किएपछि त पैसा पनि देख्न छाडियो । साहुको ऋण तिर्नै पनि बाँकी थियो ।’ कल्पनाले दुःखको कहानी सुनाउनुभयो ।

केही गरेर जीवन गुजारा गर्ने इच्छा भए पनि कल्पना दम्पती के गर्ने ? कसरी गर्ने ? भन्ने निर्णयमा पुग्न सकिरहेको थिएन । त्यही बेला आफ्नै गाउँमा ग्रामीण ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति र श्रीपुर्राज सामुदायिक विकास केन्द्रको साझेदारीमा भेडिया खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन भयो । सोही आयोजना अन्तर्गत प्रगतिशील महिला समूह गठन भएपछि कल्पना ढुंगाना पनि आवद्ध हुनुभयो ।

श्रीमान विदेशबाट फर्केपछि पैसाको मुख समेत देख्न नपाएकी कल्पना कुनै न कुनै व्यवसाय सञ्चालन गर्ने सोचमा हुनुहुन्थ्यो । समूहमा आवद्ध भएपछि कल्पनाले जीविकोपार्जनका लागि सीप र आत्मनिर्भर हुने प्रेरणा पाउनुभयो । कल्पना भन्नुहुन्छ ‘व्यवसाय गर्ने सीप मैले जीविका समूहमै बसेर सिकें, झनै धेरथोर ऋण पनि पाएपछि मलाई व्यवसाय गर्ने आँट आयो ।’



कल्पनाले समूहबाट ५ हजार रुपैयाँ ऋण र घरबाट केही लगानी गरेर आफ्नै घरमा सानो कष्मेटिक पसल सुरु गरेको बताउनुभयो । कल्पना अहिले यही पसलबाट दैनिक सरदर १५ सय देखि २५ सय रुपैयाँसम्म व्यापार गर्नुहुन्छ । खानेपानीको जीविका समूहमा आवद्ध भएपछि

खोलिएको कष्मेटिक पसलले उहाँको दैनिकी सहज बनाएको छ । उहाँले समूहमा नियमित बचत पनि गरिरहनु भएको छ । कल्पना भन्नुहुन्छ 'मैले जीविका समूहबाट थोरै ऋण लिएर यो पसल सुरु नगरेको भए कति गाह्रो भईसकेको थियो । अहिले त साहुको ऋण तिर्न नसकेपनि घर खर्च चलाउन त गाह्रो भएको छैन ।'

'पूँजी र अवसर पाएमा घरमै बसी आयआर्जन गरेर आफ्नो तथा परिवारको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिदो रहेछ ।' कल्पना भन्नुहुन्छ 'महिलाको काम खाना पकाउने तथा घरको कामकाजमा मात्र सिमित हुने होइन भनेर आयआर्जन गर्न आवश्यक सल्लाह, सहयोग, र प्रोत्साहन प्रदान पर्ने श्रीपुर्राज सामुदायिक विकास केन्द्र साथै ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिलाई हृदय देखिको धन्यबाद ।'
सहयोगी संस्था श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर विनोद चौधरी कृषि क्षेत्रमा सुधार ल्याउने हेतुले भविष्यमा वचत तथा ऋण परिचालन कार्यक्रम विस्तार गरी कृषि समुहमा दर्ता गराउने उद्देश्य रहेको बताउनुहुन्छ ।

*ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिका जीविका विज्ञ संगीता गिरी दास र श्रीपुर्राज सामुदायिक विकास केन्द्रका तर्फ बाट लक्ष्मी प्रसाद चौधरीद्धारा तयार पारिएको*